# बैठक नं.१

आज मिति २०८२ साउन ३० गते शुक्रबार दिनको १:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| | अध्यक्ष – श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य – श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव – श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य – श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य – श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य – श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य – श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य – श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य – श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य – श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य – श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य – श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य – श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य – श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य – श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य – श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य – श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य – श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य – श्री उमा खड्का | कार्यपालिका सदस्य |
| | सदस्य – श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| | सदस्य – श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| | सदस्य – श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| | सदस्य – श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

CamScanner

एजेण्डा :

१. आ.व.२०८१/०८२ को वार्षिक नीति कार्यक्रम र बजेट सफलतापूर्वक कार्यान्वयन गर्न भूमिका निर्वाह गर्नुहुने नगरसभा सदस्य एवम् राष्ट्रसेवक कर्मचारीलाई धन्यवाद दिने ।

२. आ.व.२०८१/०८२ को शाखागत वार्षिक समीक्षा गोष्ठी नगरसभा सदस्यहरुको उपस्थितिमा सञ्चालन गर्ने सम्बन्धमा ।

३. आ.व.२०८२/८३ मा ढुङ्गागिट्टी, बालुवा आदि निकासी शुल्क आयठेक्का सम्बन्धमा ।

४. नगरसभा सदस्यहरुको उपस्थितिमा देहायका पुस्तक विमोचन सम्बन्धमा ।

(क) आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तक

(ख) गोदावरी नगरपालिका बालबालिकाको वस्तुगत विवरण, २०८१

(ग) बालमैत्री त्रिवर्षीय रणनीतिक लगानी योजना (२०८१/८२-२०८३/०८४)

५. बालमैत्री वडा घोषणा सम्बन्धमा ।

(क)यस नगरपालिकाको वडा नं.५ लेलेलाई २०८२ भाद्र ५ गते बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने ।

(ख)वडा नं.५ लेलेलाई बालविवाहमुक्त वडा घोषणाका लागि अनुमति प्रदान गर्ने ।

(ग) वडा नं.५ लेलेलाई बालश्रममुक्त वडा घोषणा गर्नका लागि अनुमति प्रदान गर्ने ।

६. जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा ।

(घ) गोदावरी नगरपालिका वडा नं.६ साविका लेले गा.वि.स. वडा नं.९(ख) कित्ता नं.२८ को क्षेत्रफल २-०-०-० जिल्ला पशु सेवा कार्यालय ललितपुरको नाममा श्रेस्तापूर्जा कायम रहेको जग्गा वडा नं.६ को वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्र टिकाभैरवको कार्यालय भवनहरु रहेको जग्गा ।

(ङ) नगरपालिकाको प्रमुख प्रशासनिक भवन, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन क्रमश वडा नं.१,२,४,५,६,७,८,९,१०,११,१२,१३,१४ रहेका जग्गा।

७. "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र जारी गर्ने सम्बन्धमा ।

८. स्थानीय तहस्तरीय सहजीकरण समितिबाट प्रमाणित भई आएका भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरुको विवरण आवश्यक प्रक्रिया अघी बढाउनको लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति ललितपुरमा पेश गर्ने ।

९. नगरपालिकाको मुख्य प्रशासनिक भवन सरसफाई गर्ने कम्पनीसँग म्याद थप गर्ने सम्बन्धमा।

१०. कार्बन वित्त परियोजनामा सहभागिताको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

११. विविध ।

| | |
|---|---|
| **मान बहादुर खड्का** | **गजेन्द्र महर्जन** |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |